लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मंत्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय, रुकुम (पुर्वि भाग)

रुकुमकोट

# बोलपत्र आव्हानको सूचना

सूचना नं. **DFO-RE/Works/NCB/082-083/1**

प्रथम पटक मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित मिति २०८२/०६/०९

२०८२/६/९

यस डिभिजन वन कार्यालय रुकुमकोट, रुकुम( पुर्वी भाग) को आ.व.२०८२/८३ को बजेट उपशीर्षक नम्बर ३२९०१०१२४ (पूँजीगत) खर्च शीर्षक अन्तरगत सिस्ने गाँउपालिका वडा नं. ५ मा सिस्ने सब डिभिजन कार्यालय भवन निर्माण कार्य ठेक्काको प्रक्रिया (e-bidding) बाट गराउनु पर्ने भएकोले इच्छुक निर्माण व्यवसायी, फर्म वा कम्पनीहरुबाट निम्न शर्तहरुको अधीनमा रही रीतपुर्वकको बोलपत्र आव्हान गरिएको छ ।

शर्तहरुः-

१) अद्यावधिक नविकरण गरेको ईजाजतपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व. 2081/082 सम्मको आयकर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र निवेदन सहित तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने )यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिन दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक अनुगमन कार्यालयको website www.bolptra.gov.np बाट ठेक्काको लागि download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।बोलपत्र साथ नेपाल बैकमा रहेको लुम्बिनी प्रदेश सरकारको राजश्व खाता नं. 02000001001000001, कार्यालयको कोड नं. 3290153015 र राजश्व शीर्षक नं. 14229 मा बोलपत्र दस्तुर दाखिला गरि वा महालेखा नियन्त्रक कार्यालयको राजश्व प्लेट फर्ममा गई यस डिभिजन वन कार्यालयको कोड (3290153015) र राजश्व शीर्षक नं. 14229 मा दाखिला गरेको राजश्व भौचरलाई बोलपत्र कागजात साथ upload गर्नु पर्नेछ। Hard copy प्रयोगमा ल्याइने छैन ।

२) दर्ता भएका बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिन दिनको २:०० बजे कार्यालयका प्रतिनिधि तथा बोलपत्रदाताको रोहबरमा खोलिने छ।

3) बोलपत्र खरिद गर्ने वा दाखिला गर्ने र खोल्ने दिन बिदा पर्न गएमा सो को भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिनको सोही समयलाई उक्त प्रयोजनका लागि मान्यता दिईनेछ ।

४) बोलपत्र फाराम साथ जमानत बाफत तोकिएको रकम नेपाल बैक लिमिटेड रुकुमकोट,रुकुम( पुर्वी भाग)मा रहेको (ख-2.3),प्रदेश लेखा नियन्त्रक कार्यालय धरौटी खाता नं. 18902000002003000001 मा जम्मा गरि सक्कलै बैंक भौचर वा नेपाल सरकारबाट विडवण्ड जारी गर्न सक्ने ईजाजत प्राप्त बैंकहरुबाट बोलपत्र दाखिला गर्न अन्तिम मितिबाट कम्तीमा १२० औं दिन म्याद भएको विडवण्डको scan copy संलग्न गर्नु पर्नेछ ।

५) कार्यालयको हितलाई ध्यानमा राखी कुनै कारण जनाई वा नजनाई बोलपत्र पुरा वा आशिंक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६) शर्त रहेको ,रित नपुगेको तथा म्याद नाघी आएको बोलपत्र उपर कुनै कारबाहि हुने छैन ।

७) यसमा उल्लेखित नभएका अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून बमोजिम हुनेछ।

८) यो सुचना यस कार्यालयको सुचनापाटी तथा वेवसाइट https://dforukumeast.lumbini.gov.np/ मा राखिएको छ । थप जानकारीका लागि **www.bolpatra.gov.np** वा यस कार्यालयको फोन नं. ०८८-४१३११५ मा सम्पर्क गर्न सकिने छ ।बोलपत्र सम्बन्धी थप कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राखी बुझ्न सकिनेछ ।

## बोलपत्र सम्बन्धी कार्यको विवरण

| सि.नं. | ठेक्का नं. | कामको विवरण | रकम रु. (भ्याट र कन्टेन्जेन्सी समेत) | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|
| १ | **DFO-RE/Works/NCB/082-083/1** | सिस्ने सब डिभिजन कार्यालय भवन निर्माण । | ७४,९९,९३७/७४/- | २,००,०००/- | ३०००/- |